# कोभिड १९ रोकथामको लागि वडा स्तरीय मार्गदर्शन

वडा अध्यक्षको नेतृत्वमा वडालाई स्थानिय ब्यवस्थापकिय आधारमा २० देखि ३० घरको युनिटमा विभाजन गरी हरेक युनिटमा एक जिम्मेवार टिम लिडर सो मा महिला स्वा. स्वयं सेविका सहितको पाँच जनाको युनिट एक्सन टिम बनाई निम्न कार्य गर्ने गराउने ।

आफनो वडा भित्र कति व्यक्ति विदेश वा जोखिम पुर्ण ठाँउबाट आएको हो सो संख्याको यकिन गरी नीजहरुलाई आ आफ्नो घर मै अरु परिवारका सदस्यहरु संग पनि दुरी कायम गर्दै १५ दिन सम्म होम क्वारेन्टाईनमा बस्न लगाउने ।

होम क्वारेन्टाईनमा बस्दा पालना गर्नुपर्ने आचरण (पम्पलेट, ब्रोसर अनुसार) पालना गर्दै महानगरपालिकाले. उपलब्ध गराएको फर्म अनिवार्य दैनिक रुपमा भर्न लगाई सोको प्रतिवेदन महानगरपालिकामा पठाउने ।

देश महामारी संक्रमणको दोश्रो चरणमा प्रवेश गरिसकेकोले विदेशबाट आएका परिवार तथा निजहरुको संसर्गमा आएका छर छिमेकहरु समेत जोखिममा रहेकोले १५ दिन सम्म घरमानै क्वारेन्टाईन को आचरण (पम्पलेट, ब्रोसर अनुसार) पालना गर्ने ।

बोडर संग सिमा जोडिएको वडाहरुमा प्रत्येक घर घरमा एक्सन टिम गई तिनीहरुको अभिलेख वडा कार्यालयमा पठाई सेल्फ होम क्वारेनटाईनमा बस्न प्रोत्साहन गर्ने ।

क्वारेन्टाईनको आचरणमा बस्न सम्भव नहुने परिवार हरु पहिचान गरि वडा स्तरमै सामुदायिक बिद्यालय लगायतका स्थानहरुमा राख्ने र सो को आवश्यक ब्यवस्थापनका लागि वडा कार्यालयमा समन्वय गर्ने ।

होम क्वारेन्टाईनमा बस्दा कुनै पनि स्वास्थ्य समस्या भएमा स्वास्थ्य सल्लाहको लागि तल दिएका नम्बरमा सम्पर्क गरी सल्लाह सुझाव लिने ।

- **डा मुकेश पौडेल ९८१५७४०३८९**
- **डा प्रज्वल खतिवडा ९८४२३२२९८५**
- **डा साहिल थपलिया ९८४९०५५८७१**

**प्रतिवेदन पठाउनको लागि सम्पर्क व्यक्ति : हे.अ.श्री राजेन्द्र प्रसाद कुईकेल ९८६२०३२२५९**

**थप क्वारेन्टाईन आवश्यक परेमा सम्पर्क व्यक्ति जन स्वास्थ्य महाशाखा प्रमुख श्री रमेश कार्की ९८४२०२३६७९**

कोभिड १९ को सन्दर्भमा दुविधा भई अस्पतालमा जानु पर्ने अवस्थामा महानगरबाट तोकिएका माथि उल्लेखित चिकित्सक (फोकल पर्सन) संग सम्पर्क गरी मात्र अस्पताल जाने ।

होम क्वारेनटाईनबाट चिकित्सकको सल्लाह अनुसार यदि आईसोलेसन हस्पिटलमा जानु परेमा घर देखि अस्पताल सम्म एम्बुलेनसको व्यवस्था महानगरपालिकाले निशुल्क मिलाएको छ ।

एम्बुलेन्स का लागि सम्पर्कः **जन स्वास्थ्य महाशाखा प्रमुख श्री रमेश कार्की फोन नं. ९८४२०२३६७९**

## म.स्वा.स्व.से.को भुमिका

वडा प्रमुख, स्वास्थ्यकर्मी तथा कोरोना रोकथाम संग सम्बंधीत कर्मचारीहरुले लगाए अह्राएको गर्ने ।

बाहिरबाट आएका घर परिवारका मान्छेहरु सेल्फ होम क्वारेन्टाईनमा बसे नबसेको यकिन गरी सोको जानकारी वडा प्रमुख र स्वास्थ्यकर्मी लाई गराउने ।

वडा एक्सन टिम संग मिलेर सहकार्य गरी कार्य गर्ने ।